मिति २०७९ जेठ ०९ गते सोमबारको ९० औं कार्यपालिका बैठकको निर्णय

निर्णय:

१. मिति २०७९/०१/३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा यस कागेश्वरी मनोहरा नगरपालिकाका सम्पूर्ण मतदाताहरुले उत्साहपुर्वक सहभागिता जनाई हामीलाई निर्वाचित गराउनु भएकोमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दै आम मतदाता तथा नगरबासीहरुको अपेक्षालाई सम्बोधन गर्ने प्रतिवद्धता व्यक्त गर्ने।

२. यस नगरपालिका भित्र रहेका सबै सामुदायिक विद्यालयमा संचालनमा रहेका प्रारम्भिक बालविकास (ECD) कक्षाहरुलाई समान स्तरमा संचालन गर्नलाई शैक्षिक सामग्री लगायत पूर्वाधारयुक्त बनाउनको लागि नगरपालिकाले आवश्यक बजेट सहितको व्यवस्था गर्ने ।

३. यस नगरपालिका भित्र रहेका जेष्ठ नागरिकहरुलाई मधुमेह, उच्च रक्तचाप तथा निमोनियाको खोप लगायतका स्वास्थ्य परिक्षण सहितको स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन घर घरमा नै स्वास्थ्यकर्मी परिचालन गरी निःशुल्क रुपमा उपचार गर्ने व्यवस्था मिलाउने र सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुलाई नियमित स्वास्थ्य परिक्षण तथा उपचार सेवा विद्यायलमा नै निःशुल्क उपलब्ध गराउने।

४. यस नगरपालिका भित्र संचालित खानेपानी समस्यलाई निराकरण गर्नका लागि आगामी पाँच वर्ष भित्र प्रत्येक घरमा स्वच्छ खानेपानीको एक धारा उपलब्ध गराउनको लागि विद्यमान खानेपानी आपूर्तिको अवस्था, उपलब्ध वैकल्पिक व्यवस्था र श्रोत समेतको पहिचान गरी कागेश्वरी मनोहरा वृहत खानेपानी आयोजना संचालन गर्नको लागि सम्भाव्यता अध्ययन गर्ने ।

२०७९/०२/०९